जि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९

# राजविराज दैनिक

स.नि.वि.का.द.नं. ५/०६४/०६५

वर्ष ३६ अंक ४१ २०८३ साल भदौ १९ गते शुक्रबार (4 Sep 2026 Friday) मूल्य रु. ५/-

**बाल अधिकारको संरक्षण**

**बचावटको अधिकार :**
पोषिलो खाना र स्वास्थ्योपचार पाउनु ।
**विकासको अधिकार :**
शिक्षा, खेलकुद र मनोरञ्जनको अवसर ।
**संरक्षणको अधिकार :**
हिंसा, दुर्व्यवहार र शोषणबाट सुरक्षा ।
**सहभागिताको अधिकार :**
आफ्नो हितका निर्णयमा बोल्न पाउनु ।

**Log in : rajbirajdainik.com.np**

यस अंक भित्र : २ पृष्ठमा : 'आमा, धन्न बाँचेर… ३ पृष्ठमा : भोटेकोशी बाढीः सहयोगमा … ३ पृष्ठमा :हर्मुज तनावले व्यापारमा…

# घर भत्काउने कार्य यथास्थितिमा राख्न सर्वोच्चको अन्तरिम आदेश

**दैनिक समाचारदाता**
**राजविराज, १८ भदौ ।**

सर्वोच्च अदालतले राजविराज वडा नं. ६ निवासी उज्जवल झाको घर भत्काउने कार्य यथास्थितिमा राख्न भन्दै अन्तरिम आदेश जारि गरेको छ ।



नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय सिंहदरवार काठमाडौ, राजविराज नगरपालिका, कोष तथा लेखा नियन्त्रक कार्यालय सप्तरी समेतलाई विपक्षी बनाएर दायर गरेको उत्प्रेषण मुद्दामा सर्वोच्चका न्यायाधीश महेश शर्मा पौडेलको एकल इजलाशले बिहीबार उक्त आदेश जारि गरेको हो ।

जारि आदेशमा "सुविधा सन्तुलनका दृष्टिकोणले घर भत्काउने कार्य यथास्थितिमा राख्ख उपयुक्त हुने देखिदा अन्तरिम आदेश छलफलबाट टुंगो नलागेसम्म निवेदनमा उल्लिखित घर टहरा नभत्काउनु/भत्काउन नलगाउनु भनी सर्वोच्च अदालत नियमावली, २०७४ को नियम ४९ बमोजिम अल्पकालीन अन्तरिम आदेश जारी गरिएको छ ।" उल्लेख छ ।

निवेदक झाको तर्फबाट बरिष्ठ विद्वान अधिवक्तात्रय विपुलेन्द्र चक्रवर्ती, रामचन्द्र सुवेदी र डा. विजय प्रसाद मिश्र तथा विद्वान अधिवक्ताहरु भरत लम्साल, महेश्वर प्रसाद चौधरी, किरण चौधरी र आशिष कुमार शाहले बहस गरेका थिए ।

यसअघि राजविराज नगरपालिकाले भदौं १५ गते एक सूचना जारि गरि भदौं १९ गते भित्र उक्त जग्गा खाली गराउन सूचना जारी गरेको थियो । यसअघि भदौ ११ गते उच्च अदालत जनकपुर राजविराजबाट दोस्रो पटक अन्तरिम आदेश दिनु नपर्ने आदेशका आधारमा नगरपालिकाले उक्त सूचना जारि गरेको थियो ।

कोष तथा लेखा नियन्त्रक कार्यालय, सप्तरी राजविराजको राजविराज नगरपालिका साविक वडा नं. ७ हाल राजविराज नगरपालिका वडा नं. ६ अन्तर्गत कित्ता नम्बर ९० क्षेत्रफल ०-६-६ (छ कठा छ धुर) जग्गा मध्ये स्वामितव भित्रकै दक्षिण तर्फ जग्गा ०-२-१४ क्षेत्रफल जग्गामा राजविराज नगरपालिका वडा नं. ७ हाल वडा नं. ६ का जगदिश झा को छोरा उज्वल झा लगायत व्यक्तिहरु अतिक्रमण गरी बसेको सूचनामा जिकिर गरिएको छ ।

# बारको निर्वाचनमा एक सदस्य र एक पार्षदले लिए मनोनयन फिर्ता, एकले दिए समर्थन

**दैनिक समाचारदाता**
**राजविराज, १८ भदौ ।**

आउदो भदौ २७ हुने राजविराज उच्च अदालत बार एशोसिएशनको निर्वाचनका लागि उम्मेदवारी दिएका बलराम सिंह नेतृत्वको प्यानलका एक जना सदस्य र एक जना पार्षदले आफ्नो मनोनयन फिर्ता लिएका छन् । यस्तै एक जना सदस्यले बलराम सिंह नेतृत्वको प्यानललाई आफ्नो समर्थन दिएका छन् ।

यसरी मनोनयन फिर्ता लिएका बलराम सिंह नेतृत्व प्यानलका सदस्य पदका उम्मेदवार चन्द्रकान्त यादव र पार्षद पदका उम्मेदवार डा. हेम कुमार मिश्र छन् ।

यसैगरि नविन सिंह नेतृत्व प्यानलका सदस्य पदका उम्मेदवार दिलिप यादवले आफ्नो पदको समर्थन बलराम सिंह नेतृत्व प्यानललाई रहेको बिहीबार विज्ञप्ति जारि गरि जनाएका छन् ।

आगामी दुई वर्षको कार्यकालका लागि हुने बारको निर्वाचनका लागि अध्यक्ष पदमा अधिवक्ता नविन सिंह, अधिवक्ता बलराम सिंह र अधिवक्ता देवबहादुर कटुवालले सोमबार छुट्टाछुट्टै उम्मेदवारी दर्ता गराएका छन् ।

अधिवक्ताद्वय नविन सिंह र बलराम सिंहले छुट्टाछुट्टै प्यानलसहित उम्मेदवारी दर्ता गराएका छन् भने अधिवक्ता देवराज कटुवालले एकल उम्मेदवारी दिएका हुन् ।

# भोटेकोशी बाढीमा मधेस प्रदेशका हराइरहेका ३० जना सम्पर्कमा, १६२ जना अझै सम्पर्कविहीन

**दैनिक समाचारदाता**
**जनकपुरधाम, १८ भदौ ।**

रसुवाको भोटेकोशी नदीमा आएको बाढीमा हराइरहेकामध्ये मधेस प्रदेशका ३० जना परिवारको सम्पर्कमा आएका छन् ।

मधेस प्रदेश प्रहरी कार्यालय जनकपुरधामका प्रवक्ता वरिष्ठ प्रहरी उपरीक्षक प्रभुप्रसाद ढकालका अनुसार बाढीमा परेर हराइरहेका मधेस प्रदेशका १९२ जनामध्ये ३० जना टेलिफोनमार्फत सम्पर्कमा आएको र १६२ जना अझै सम्पर्कविहीन रहेका छन् ।

सम्पर्कविहीनमध्ये पर्साको वीरगञ्ज महानगरपालिका बस्दै आएका सिन्धुलीका ज्ञानबहादुर थिङ, श्याम मोक्तान, बाराको कलैया उपमहानगरपालिका-२२ का सत्यम राम, स्वर्ण गाउँपालिका-३ का रुपेश गुप्ता सम्पर्कमा आएको प्रवक्ता ढकालले बताए ।

यस्तै, रौतहटको गढीमाई नगरपालिका-७ का मोविदा खातुन, सकिना खातुन, सलमान अन्सारी, रौतहटकै ईशनाथ नगरपालिका-४ का सेख मजिद, रौतहटको चन्द्रपुर नगरपालिका पवित्रा नेपाल सिलवाल र सम्राट सिलवाल पनि सम्पर्कमा आएको प्रवक्ता ढकालले बताए ।

त्यस्तै, सर्लाहीको लालबन्दी नगरपालिका-१ का वृजकिशोर दास, सुनिता दास, बागमती नगरपालिका-६ का दिपेश थापा, महोत्तरीको जलेश्वर नगरपालिका-१ का राकेशकुमार यादव, ई विपीनकुमार मण्डल, श्रीकेश यादव, लोहारपट्टी गाउँपालिका युवराज पाण्डे, औरही गाउँपालिका-९ का सचिनकुमार यादव, गौशाला नगरपालिका-६ का आदित्यनारायण यादव र बर्दिवास नगरपालिकाका विकास भारती सम्पर्कमा आएको प्रवक्ता ढकालको भनाइ छ ।

यस्तै, धनुषाको सबैला नगरपालिका लक्ष्मण मेहता, हंसपुर नगरपालिकाका दयावतीदेवी यादव,

*बाँकी अन्तिम पृष्ठमा*

# भदौ २२ मा राष्ट्रिय शोक दिवस, २३ मा नवयुवा आन्दोलनको सम्मानमा सार्वजनिक बिदा

**दैनिक समाचारदाता**
**राजविराज, १८ भदौ ।**

सरकारले रसुवा बाढीमा ज्यान गुमाएकाहरूको सम्झनामा राष्ट्रिय शोक दिवस मनाउने निर्णय गरेको छ ।

बिहीबार बसेको मन्त्रिपरिषद् बैठकले राष्ट्रिय शोक दिवसको निर्णय गरेको सरकारका प्रवक्ता एवम् शिक्षा तथा खेलकुद मन्त्री सस्मित पोखरेलले जानकारी दिए ।

बाढीको १३औं दिन यही २२ गते सोमवार सरकारले शोक दिवस मनाउन लागेको हो । त्यस दिन नेपालभरका सरकारी कार्यालय तथा विदेशमा रहेका नेपाली दूतावास एवम् नियोगहरूमा नेपाली झण्डा आधा झुकाउने निर्णय पनि भएको छ ।

यस्तै अघिल्लो वर्ष भदौ २३ र २४ गते भएको नवयुवा आन्दोलन र शहीदको सम्मानमा २३ गते देशभर सार्वजनिक बिदा दिने निर्णय भएको छ ।

# हजारौंको सहभागितामा राजविराजमा रथयात्रा



**दैनिक समाचारदाता**
**राजविराज, १८ भदौ ।**

राजविराजमा विहीबार भगवान श्रीकृष्णको भब्य रथयात्रा निकालिएको छ । हजारौं भक्तजनको सहभागितामा स्थानिय श्री लक्ष्मीनारायण राधाकृष्ण मन्दिर प्राङ्गनबाट भगवान कृष्णको रथयात्रा निकालिएको हो ।

रथयात्रामा ठूलो संख्यामा युवा-युवती, बृद्ध-बृद्धा र बालबालिका सहभागी भए । रथयात्राका मुख्य सञ्चालक सन्यासी बिरु सरस्वतीले यस्ता धार्मिक आयोजनाले धर्म प्रति आस्था बढाउनुका साथै धार्मिक र आपसी सद्भाव बढाउने काम समेत गर्ने बताए ।

श्री लक्ष्मीनारायण राधाकृष्ण मन्दिरको समन्वयमा निकालिएको रथको लम्बाई २२ फिट, चौडाई ११ फिट तथा उचाई १५ फिट रहेको मूल पुजारी रत्नेश्वर झाले जानकारी दिए । रथको अग्रभागबाट दायाँ र बायाँ फैलिएका ७५ फिट लम्बाईको मोटो डोरी तान्न भक्तजनमा तछाडमछाड नै चलेको थियो ।

रथयात्रा नगर परिक्रमा पश्चात पुनः सोही मन्दिरमा पुगेर समापन भएको छ । रथयात्रामा राजविराज नगरपालिकाका साथै आसपासका पालिकाबाट समेत भक्तजन तथा साधुसन्त सहभागी हुन आएका थिए ।

**औषधिको जथाभावी प्रयोग नगरौं**

- चिकित्सकको सल्लाहबिना औषधि सेवन नगरौं,
- चिकित्सकले तोकेको मात्रा र अवधि बमोजिम औषधि सेवन गरौं,
- रुघाखोकी, फ्लु वा भाइरल संक्रमणमा आफूखुशी औषधि प्रयोग नगरौं,
- अरूका लागि लेखिएको औषधि आफैं जथाभावी प्रयोग नगरौं,
- म्याद नाघेको औषधि प्रयोग नगरौं/नगराऔं,
- औषधिको सुरक्षित र जिम्मेवारपुर्वक प्रयोग गरी/गराई आफ्नो र परिवारको स्वास्थ्य संरक्षण गरौं ।

**औषधिको अनावश्यक प्रयोगले स्वास्थ्यमा गम्भिर असर पर्न सक्छ ।**
**तसर्थ, चिकित्सकको सल्लाहअनुसार मात्र औषधिको प्रयोग गरौं/गराऔं ।**

नेपाल सरकार
विज्ञापन बोर्ड

## सम्पादकीय

### धानबाली जोगाउन अब आकाशको भर

धान रोपाइँ सकेर उत्पादनको आशामा रहेका मधेशका किसान यतिबेला आकाशतर्फ हेर्दै खेत जोगाउने चिन्तामा छन् । करिब तीन सातादेखि पर्याप्त वर्षा नहुँदा खेतमा जमेको पानी सुक्दै गएको छ । चर्को घामका कारण धानबालीमा समेत असर देखिन थालेको छ । कृषि ज्ञान केन्द्र सप्तरीका अनुसार अहिले नै धानबाली पूर्णरूपमा क्षति भइसकेको अवस्था छैन । तर, अबको एक साताभित्र पर्याप्त वर्षा नभए खेतमा पानीको अभाव चर्किने र उत्पादनमा प्रत्यक्ष असर पर्ने जोखिम उच्च छ । सप्तरीमा हरेक वर्ष करिब ६८ हजार हेक्टरमा धान खेती हुँदै आएकोमा यस वर्ष शतप्रतिशत खेतीयोग्य जमिनमा रोपाइँ भएको तथ्यले जोखिमको गम्भीरता अझ बढाएको छ ।

सिँचाइको वैकल्पिक व्यवस्था सीमित हुँदा किसानका लागि मोटर-बोरिङबाट निरन्तर पानी पटाउनु सहज छैन। महँगो डिजेल, विद्युत् र सिँचाइको सीमितताले साना किसान झन् मारमा पर्न सक्छन् । त्यसैले अहिले किसानलाई केवल वर्षाको प्रतीक्षा गराएर बस्ने अवस्था छैन। स्थानीय, प्रदेश र संघीय सरकारले सम्भावित खडेरीको प्रभाव न्यूनीकरण गर्न तत्काल सिँचाइ सुविधा विस्तार, विद्युत् आपूर्ति सहजता र आवश्यक प्राविधिक सहयोगको व्यवस्था गर्नुपर्छ ।

तसर्थ धानबाली जोगाउनु भनेको किसानको मात्र समस्या होइन; यो जिल्लाको खाद्य सुरक्षा र अर्थतन्त्रसँग जोडिएको विषय भएकाले यसतर्फ सरोकारबाहरुको ध्यान जानु जरुरी छ ।


**बाढी/पहिरोबाट सतर्क रहौं ।**

– गाउँघरका माथिल्लो भागमा कुलो बनाई पानीको उचित निकास दिऔं ।

– जमिन चिरा परेको देखिएकामा पानी नछिर्ने गरी टालौं ।

– घरभित्र वा वरिपरिको जमिन चिरा परेको भए सुरक्षित स्थानमा बसौं ।

– नदी वा खोलामा बाढी आएमा तल्लो भागमा बस्ने जनसमुदायलाई सूचना दिऔं ।

– भुकम्पले चिरा पारेको छ भने त्यस्तो स्थानलाई टालौं र सजगता अपनाऔं ।

– भौगोलिक अवस्था बिचार गरेर मात्र बाटो, कुलो वा नहर जस्ता संरचना बनाऔं । भु–क्षयबाट बचौं र बचाऔं ।

**जनहीतका लागि : राजविराज दैनिक**


# ‘आमा, धन्न बाँचेर आएँ’

**प्रगति ढकाल**

काठमाडौँ, १८ भदौ (रासस) ।

‘आमा, म बाँचेर आएँ । तपाईं किन रुनुभएको ? यता हेर्नुस् त आमा, म त फर्केर आएको छु ।’ घर फर्किएपछि निरज भण्डारीले भावुक आमालाई यसरी सम्झाउनुभयो । छोरा आँखै अगाडि छोरालाई देख्दा पनि आमा प्रेमकुमारी ढकालका आँसु थामिएनन् । उहाँ केहीबेर घुक्कघुक्क गर्दै रोइरहनुभयो । घरमा सन्नाटा छाएको थियो । छोरा फर्किएको खुसीभन्दा मनमा त्रास बढेको थियो ।

“आमा, म त फर्केर आएँ, खरानीबाट उठेर आएँ...”

प्रहरी महानिरीक्षक दानबहादुर कार्कीले भदौ २३ र २४ गतेको ‘जेन्जी’ आन्दोलनको घटना क्रमलाई समेटेर लेख्नुभएको यो गीतको भावसँग गोरखा सिरानचोक गाउँपालिकाका निरजको कथा पनि मिल्छ । निरज बसका सहचालकका रूपमा काम गर्दै आउनुभएको थियो ।

भदौ १० गते बिहान करिब ४:३० बजे उहाँ पालुङटार नगरपालिका-५ बाट ३६ यात्रु बोकेको पृथ्वी यातायातको ग२ख ११५२ नम्बरको बसमा रसुवाको गोसाइँकुण्ड यात्राका लागि निस्कनुभयो ।

कहिले लोकगीत, कहिले आधुनिक त कहिले तीज गीत घन्काउँदै गाडी अगाडि बढिरहेको थियो । के थाहा यात्रुहरूलाई गाडीले गोसाइँकुण्ड नपुर्‍याउँदै मृत्युको मुखमा पुर्‍याउँदैछ । यात्रासँगै यात्रुको जीवन र मृत्युबीचको दूरी नजिक धकेलिरहेको थियो । बिहान बाढीले छोराले चलाउने गाडी नै बगायो रे भन्ने खबर आयो । त्यसपछि घरमा रुवाबासी नै चल्यो, परिवारले निरजको खबर पाउन सकेन ।

दिन बितिसक्न लाग्यो । छोराले फोन गर्छ कि भन्दै पटकपटक फोन हेर्दै बस्नुभएकी आमा प्रेमकुमारीको मुटुमा चिसो पस्न थाल्यो । छोरालाई पनि त्यही भेलले बगायो झैँ लाग्न थाल्यो । छोरा आउने आशा र डर मिश्रित आमाको मन छट्पटाउन थाल्यो । निरजको मोबाइल पनि गाडीसँगै भेलले बगाएको रहेछ ।

एकाएक समाचार आउन थाल्यो: पालुङटारबाट बिहीबार बिहान गोसाइँकुण्डका लागि छुटेको गाडीमा सवार सहचालकसहित छ जनाले हामफालेर ज्यान जोगाए । खबर सुनेपछि पनि प्रेमकुमारीलाई छोराको आवाज नसुनेसम्म छोरा जिवित रहेको भन्ने निश्चित लागेन । साँझपख मात्रै निरजले कसैको फोन मागेर बुबालाई फोन गर्नुभएको थियो । “छोराले फोन गरेपछि बल्ल लामो स्वास फेरेँ । कहिले छोरो आउला र देखौँला ? जस्तो भयो । छोरा घर फर्केपछि खुसीले आँसु नै रोकिएन”, रुन्चे स्वरमा उहाँ भन्नुहुन्छ । भोटेकोशीको बाढीले धेरै परिवारका सपना बगायो । कसैलाई आफन्तविहीन बनायो, कसैको घरबार खोस्यो । तर निरजजस्ता केहीका लागि त्यो विनाशको बीचबाट घर फर्किनु पुनर्जन्म जस्तै बन्यो ।

**बाढीलाई समान्य ठानियो**

गल्छीमा नास्ता खाएर गाडी नुवाकोटतर्फ अघि बढ्यो । गल्छीमा नै हुँदा रसुवाबाट बाढी आएको छ रे भन्ने गाइँगुइँ कुरा सुनिएको थियो तर त्यस्तो महाविपत्ति होला भनेर कसैले पत्ताएनन् । यात्रुहरू आ-आफ्नै कुराकानीमा थिए । बाहिर घाम लागिरहेको थियो । त्रिशूली नदी पनि सधैँ झैँ आफ्नै गतिमा सुस्तरी बगिरहेको देखिन्थ्यो ।

नुवाकोटको भैँसे भन्ने स्थानमा पुगेपछि कसैले अचानक भन्यो, “बाढी आइरहेको छ, भागौँभागौँ ।” तर त्यो आवाजलाई कसैले गम्भीरतापूर्वक लिएनन् । “यस्तो घाम लागिरहेको छ, कसरी बाढी आउँछ ?” गाडीभित्र यात्रुबीच कुरा चल्यो । केही क्षणअघिसम्म सामान्य देखिएको वातावरण एकाएक बदलियो । गड्याङगुडुङको आवाज सुनियो । त्यो आवाज सामान्य थिएन । मानौँ कुनै ठूलो प्रलय आउनुअघि प्रकृतिले दिएको अन्तिम सङ्केत थियो ।

**‘गाडी रोक, गाडी रोक !’ अचानक चर्को आवाज आयो ।**

ढोका नजिकै बसेका सहचालक निरजले माथिबाट माटो, ढुङ्गा र लेदो मिसिएको ठूलो बाढीको छाल आउँदै गरेको देख्नुभयो । उहाँले चालक सागर देवकोटालाई गाडी रोक्न भन्नुभयो । तर गाडी पार गरिहालिन्छ भन्ने सोचेर चालकले रोक्न नमानेको बताउनुहुन्छ निरज ।

त्यसपछि केही सेकेन्डमै सबैथोक बदलियो । “धुलोसहितको ठूलो बाढीको छाल देखेँ । दृश्य नै अर्कै थियो”, निरज सम्झिन्नु हुन्छ, “चालकलाई मैले ‘भागौँ, बाढी आइसक्यो दाइ’ भनेँ । कटिहालिन्छ भनेर होला, ड्राइभर दाइले गाडी रोक्नै मान्नुभएन । म त ढोकाबाट हामफालेर माथितिर दौडेँ ।”

त्यहाँबाट तल फर्केर हेर्दा उहाँले देखेको दृश्य अहिले पनि आँखाबाट हटेको छैन । गाडी थिएन । गाडी सँगैसँगै भएका यात्रु बगाए । दैनिकजसो गााडीमा सँगै हिँड्ने चालकलाई निरजले हेर्नुभयो । देख्नुभएन । केही क्षणअघि मानिसको चहलपहल रहेको सडक र वरपरको भूभाग हेर्दाहेर्दै बगरमा परिणत भइसकेको थियो । भेलसँगै बगिसकेको गाडीलाई निरज चाहेर पनि केही गर्नसक्ने अवस्थामा थिएन, न त्यहाँ अरू कसैले सहयोग गर्नसक्ने अवस्था थियो । “आफू बाँचेको खुसीभन्दा पनि आफूलाई माया गर्ने सागर दाइलगायत आफूसँगै आएका ३० जनाभन्दा बढी यात्रुलाई बाढीले बगाएको सम्झँदा धेरै दुःख लाग्छ”, निरज भन्नुहुन्छ ।

**अझै बाँकी छ मानसिक सन्त्रास**

अहिले निरज घरमा आमा बासँग सुरक्षित हुनुहुन्छ । र पनि अहिलेसम्म उहाँलाई मानसिक रूपमा सन्त्रास बाँकी नै छ । “त्यो घटनापछि बाबु राम्रोसँग बोलेको पनि छैन । हाँसेको पनि छैन । निरास देखिन्छ । खाना पनि रुचेन भन्छ”, सानिमा गङ्गा ढकाल भन्नुहुन्छ, “सबैभन्दा बाबुलाई चालकले माया गर्थे । उनलाई गुमाउनुपर्दा धेरै चिन्तित बनेको हुनसक्छ । अहिले पनि एकान्तमा बसेर टोलाइरहन्छन् ।” त्यो दृश्यले अझै झस्काइरहेको छ । निरजलाई सबै कुरा सपना जस्तै बनाएको छ ।

बाढीले निरजको स्मृतिमा एउटा यस्तो दिन छाडेर गयो, जसलाई सम्झना साथ अहिले पनि उहाँको मन काँप्छ । यात्रुहरूसँगै बिताएका केही क्षण, बाटोमा भएका कुराकानी र बाढी आउनुअघिको त्यो सामान्य वातावरण अहिले निरजको सम्झनामा बारम्बार दोहोरिन्छ । अहिले पनि त्यो दिनसँगै यात्रा गरेका अरू कति त फर्किएलान् भन्ने आशा लाग्छ तर दिन बित्दै जाँदा आशाको दियो पनि मधुरो बन्दै गएको बताउनुहुन्छ उहाँ ।

निराजलाई जस्तै अहिले आफन्त गुमाएका तथा हराइरहेका आफ्ना आफन्तका सम्झानाले सताइरहेको छ । उक्त गाडीमा सवार बद्री देवकोटा पनि हामफालेर बाँच्न सफल हुनुभयो । रविन्द्र देवकोटाले पनि बाढीको भयावह दृश्य देखेपछि गाडीबाट हामफालेर ज्यान जोगाउनुभयो । बचेर आउने अन्य रविन्द्र देवकोटा, तुलराम देवकोटा, बाबुराम देवकोटा, पार्वती न्यौपानेका लागि पनि उक्त घटना सम्झँदा अझै मन तर्सिरहेको छ । उहाँहरुले पनि बाहिरको दृश्य देखेपछि गाडीबाट हामफालेर ज्यान जोगाउनुभएको थियो ।

पालुङटार नगरपालिकाका प्रमुख विवश चिन्तनले सम्पर्कविहीन तीर्थयात्रीको सकुशल उद्धारका लागि पालुङटार नगरपालिका निरन्तर रूपमा सम्बन्धित निकायसँग समन्वय र सहकार्यमा रहेको जानकारी दिनुभयो । “सबै तीर्थयात्रीको यथाशक्य सकुशल उद्धारका लागि पालुङटार नगरपालिका सम्पूर्ण प्रयासमा प्रतिबद्ध छ”, उहाँ भन्नुहुन्छ ।

**गाउँ नै शोकमा**

एउटै गाउँबाट यात्रा गरेका मानिस एकैपटक बेपत्ता भएपछि पालुङटार-५ नै शोकमा डुबेको छ । सबैका घरका आँगन सुनसान छन् । आफन्तको खोजीमा रहेका परिवारका आँखामा आशा र पीडा सँगसँगै देखिन्छ । कसैको घरमा प्रियजन फर्केर आउने प्रतीक्षा छ, कसैको घरमा सनाखतको खबरले सन्नाटा छाएको छ ।

हिजोसम्म गाउँमा सुनिने हाँसो, कुराकानी र चहलपहलको ठाउँ अहिले फरक छ । बेपत्ता आफन्तको पर्खाइमा छन् कति । कति खोजमा व्यस्त छन् । अहिलेसम्म पनि सास पाइएको छैन । घाइते भएर कतै अड्किएको भए पनि कतिको त साता दिनसम्म उद्धार नहुँदा मृत्यु भइसक्यो कि भन्ने चिन्ता छ । सास नपाएपछि अव लास पाए पनि हुने भनेर कुर्दैछन् आफन्त ।

भोटेकोशी बाढीका कारण आफ्नै ठाउँका तीर्थ यात्रु सवार बगाएदेखि नै गाउँ नै शोकमा रहेको बताउनुहन्छ, पालुङटार नगरपालिका-५ का वडाध्यक्ष दीपक पाण्डे । “उक्त गाडीमा ३६ जना यात्रु सवार थिए । तीमध्ये छ जना सकुशल सम्पर्कमा आएका छन् भने ३० जना अझै बेपत्ता छन्”, पाण्डे भन्नुहुन्छ, “तीमध्ये कमला देवकोटा, केदार पण्डित, सुजता कौडाल, तारा रानाभाट र सुमी कुमालको सनाखत भइसकेको छ ।” बाढीले नदी किनार मात्रै बगाएन, यस गाउँको खुसी पनि सँगै बगाएर लगेको छ ।

# खाना पकाउने ग्यास वितरणलाई सहज बनाउँदै साल्ट ट्रेडिङ

काठमाडौँ, १८ भदौ (रासस) ।

साल्ट ट्रेडिङ कर्पोरेशन लिमिटेडले खाना पकाउने ग्यास आपूर्तिलाई सहज बनाइराख्न निजी ग्यास कम्पनीसँग सहकार्य गर्दै आफ्ना ‘एसटिसी सिलिन्डर’मा ग्यास भर्न सुरुआत गरेको छ ।

गत आइतबार धादिङको कृष्णभीरमा त्रिशूली नदीले कटान गरेर पृथ्वीराज मार्ग पूर्ण अवरुद्ध बनाएपछि कर्पोरेशनले नयाँ विकल्पको खोजी गर्दै निजी ग्यास कम्पनीको ग्यास प्लान्टमा आफ्ना ‘एसटिसी सिलिन्डर’मा ग्यास भरेर काठमाडौँ ल्याउने नीति लिएको हो ।

सो राजमार्ग अवरुद्ध हुँदा कर्पोरेशनको धादिङ जुगेखोलास्थित ‘एलपिजी प्लान्ट’मा पनि असर परेको छ । आफ्नो प्लान्टमा ग्यासको बुलेट आउन सम्भव नभएपछि कर्पोरेशनले तत्काल अन्य निजी क्षेत्रका सहज स्थानमा रहेका मनोजसहित बाबा ग्यासका ‘प्लान्ट’सँग सहकार्य गरेर आफ्ना खाली सिलिन्डरमा ग्यास भरेर वैकल्पिक मार्गबाट उपत्यका भित्रचाउने प्रबन्ध मिलाएको हो ।

विषम प्राकृतिक विपद्को अवस्थालाई ख्याल गर्दै कर्पोरेशनले उपभोक्तालाई ग्यासको अभाव हुन नदिन यो नीति अवलम्बन गरेको कर्पोरेशनका सहायक प्रमुख कार्यकारी अधिकृत बज्रेश झाले जानकारी दिनुभयो ।

उहाँले भन्नुभयो, “पहिलो चरणमा शुक्रबारसम्म ती दुई निजी प्लान्टमा भरिएका आफ्ना ग्यासका सिलिन्डर काठमाडौँ आइपुग्ने छन् ।” कर्पोरेशनले आफ्नो ग्यास प्लान्टका लागि छुटेका केही ग्यासका बुलेट ती निजी कम्पनीमा ‘डाइभर्ट’ समेत गरेको छ ।

**सीमित कोटा : चुस्त वितरण प्रणाली**

नेपाल आयल निगमले कर्पोरेशनलाई न्यून कोटा अर्थात् ‘पिडियो’ अनुमति प्रदान गर्दा उसले चाहेर पनि यथेष्ट ग्यास बिक्री गर्न पाइरहेको छैन । निगमले भारतीय आयल कर्पोरेशनबाट कुल तीन हजार २५ ग्यास बुलेटका लागि सम्झौता गरेको जनाइएको छ ।

सोमध्ये करिब दुई प्रतिशत अर्थात् ५३ ‘बुलेट’ मात्र कर्पोरेशनको भागमा परेको छ । कर्पोरेशनले हाल मासिक ५५ हजारदेखि ६० हजारको हाराहारीमा ‘एसटिसी सिलिन्डर’ खपत गरिरहेको जनाइएको छ ।

निजी क्षेत्रका ग्यास कम्पनीले खाडी सङ्कट, पछिल्लो समय पृथ्वीराजमार्ग अवरुद्ध एवं अन्य बहना देखाउँदा उपभोक्ता समस्यामा पर्दै आएका छन् । कर्पोरेशनले हाल कुपन प्रणालीमार्फत बिक्री वितरणलाई सहज बनाइराखेको छ । सहायक

*बाँकी अन्तिम पृष्ठमा*

# भोटेकोशी बाढीः सहयोगमा जुट्दै मधेस प्रदेश सरकारदेखि नागरिकसम्म

जनकपुरधाम, १८ भदौ (रासस) । रसुवाको भोटेकोशी नदीमा आएको विनाशकारी बाढीबाट प्रभावित रसुवा, नुवाकोट, धादिङ, चितवनलगायत जिल्लाका नागरिकको उद्धार, राहत र पुनःस्थापनाका लागि मधेसका सरकार, स्थानीय तह, राजनीतिक दल, उद्योगी-व्यवसायी, युवा तथा नागरिक समाज एकजुट भएर सहयोगमा जुटेका हुन् ।

यही भदौ १० गते भोटेकोशी नदीमा आएको बाढीले पहाडी जिल्लामा जनधनको क्षति पुऱ्याएपछि मधेसका विभिन्न जिल्लामा राहत सङ्कलन अभियान सञ्चालन भइरहेको छ ।

कतै स्थानीय तहले आफ्नो विपद् कोषबाट रकम उपलब्ध गराएका छन् भने कतै जनप्रतिनिधि र कर्मचारीले आफ्नो सेवा सुविधा तथा तलबबाट रकम कटाएर सहयोग गर्ने निर्णय गरेका छन् । युवा, व्यवसायी र सामाजिक संस्था भने खाद्यान्नलगायत राहत सामग्री सङ्कलनमा सक्रिय भएका छन् ।

मधेस प्रदेश सरकारले बाढी प्रभावितका लागि यसअघि पहिलो चरणमा रु ५० लाख राहत कोषमा पठाइसकेको छ । प्रदेश सरकारले दोस्रो चरणमा रसुवाको भोटेकोशी तथा त्रिशूली नदीमा आएको बाढीबाट प्रभावित नागरिकका लागि रु एक करोड ६८ लाख बराबरको आवश्यकताअनुसार टेन्ट र कम्बल उपलब्ध गराउने निर्णय गरेको छ ।

बाढीमा मधेस प्रदेशका नागरिकको मृत्यु भएको भए मृतकका परिवारलाई तत्काल राहतस्वरूप प्रतिमृतक रु एक लाख उपलब्ध गराउने निर्णयसमेत गरिएको प्रदेश सरकारका प्रवक्ता तथा अर्थमन्त्री युवराज भट्टराईले जानकारी दिनुभयो ।

"विपद्को समयमा प्रभावित नागरिकको जीवनरक्षा र मानवीय सहायता उपलब्ध गराउनु सरकारको प्रमुख दायित्व हो", उहाँले भन्नुभयो, "आवश्यक सहयोगलाई प्रभावकारी र व्यवस्थित रूपमा अघि बढाउने विषयमा प्रदेश सरकार गम्भीर छ ।"

मधेस प्रदेश प्रमुख सुरेन्द्र लाभ कर्णले बाढी प्रभावित नागरिकको उद्धार र राहतका लागि आफ्नो एक महिनाको तलब सुविधा उपलब्ध गराउने भएको छ । प्रदेश प्रमुख कार्यालयका प्रवक्ता सञ्जिपकुमार दुब्बेका अनुसार बाढीबाट भएको धनजनको क्षतिप्रति दुःख व्यक्त गर्दै प्रदेश प्रमुख कर्णले आफ्नो एक महिनाको पारिश्रमिक प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा प्रदान गर्नुहुनेछ ।

मधेस प्रदेश सरकारसँगै मधेस प्रदेशका स्थानीय तहहरुले पनि सहयोगका लागि अघि बढ्का छन् । भोटेकोशी बाढी प्रभावितका लागि मधेसमा स्थानीय तहबाट भएको सहयोगमध्ये वीरगञ्ज महानगरपालिकाको सहयोग उल्लेखनीय छ । महानगरपालिकाले उद्धार, राहत तथा पुनःस्थापनाका लागि रु एक करोड ११ लाख नगद सहयोग गर्ने निर्णय गरेको छ ।

महानगरका कार्यवाहक नगरप्रमुख इम्तियाज आलमका अनुसार महानगरपालिकाका कर्मचारीको तलबबाट रकम कट्टा गरिनेछ । नगरसभा सदस्यको एक महिनाको सेवासुविधा तथा महानगरका ३२ वटै वडा कार्यालयबाट रु एक लाख २५ हजारका दरले रकम सङ्कलन गरिनेछ ।

आन्तरिक रूपमा सङ्कलित रकम रु एक करोड ११ लाख नपुगेमा विपद् व्यवस्थापन कोषबाट रकम थप गरी पुरा गरिने उहाँले बताउनुभयो ।

वीरगञ्ज महानगर क्षेत्रका कुनै नागरिक भोटेकोशी बाढी प्रभावित क्षेत्रमा फसेको वा उद्धारको प्रतीक्षामा रहेको जानकारी आए तत्काल खोज, उद्धार तथा स्थानान्तरणका लागि जिल्ला प्रशासन कार्यालय, सुरक्षा निकाय तथा सम्बन्धित स्थानीय तहसँग समन्वय गरिने उहाँले बताउनुभयो ।

पर्साको जगरनाथपुर गाउँपालिकाले रु १५ लाख, सखुवा प्रसौनी गाउँपालिकाले रु पाँच लाख तथा पटेर्वासुगौली गाउँपालिकाले रु पाँच लाख बाढी प्रभावितको उद्धार, राहत तथा पुनःस्थापनाका लागि सहयोग गर्ने निर्णय गरेका छन् ।

धनुषाको धनौजी गाउँपालिकाले पनि रु २२ लाख १५ हजार ५१५ सहयोग गर्ने निर्णय गरेको छ । गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत राजकुमार दासका अनुसार विपद् व्यवस्थापन कोषबाट रु सात लाख तथा कर्मचारी र जनप्रतिनिधिको मासिक पारिश्रमिकबाट रकम कट्टा गरी रु १५ लाख १५ हजार ५१५ प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा जम्मा गरिनेछ ।

बाराको महागढीमाई नगरपालिकाले रु चार लाख ५१ हजार तथा महोत्तरीको मटिहानी नगरपालिकाले रु पाँच लाख सहयोग गर्ने निर्णय गरेका छन् ।

यसरी मधेसका स्थानीय तहहरूले आ-आफ्नो क्षमताअनुसार सहयोगको हात बढाउँदै विपद्मा परेका नागरिकप्रतिको मानवीय दायित्व निर्वाह गरिरहेका छन् ।

मधेस प्रदेशका राजनीतिक दलदेखि उद्योगी-व्यवसायी र निजी क्षेत्रसमेत राहत सङ्कलनमा सक्रिय भएका छन् ।

नेकपा (एमाले) मधेस प्रदेश कमिटीले प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा रु एक लाख ५० हजार सहयोग गर्ने निर्णय गरेको प्रदेश कमिटीका अध्यक्ष चन्द्रेश्वर मण्डलले जानकारी दिनुभयो । पार्टीको केन्द्रीय कमिटीमार्फत उक्त रकम कोषमा पठाइनेछ ।

वीरगञ्ज उद्योग वाणिज्य सङ्घले रु १५ लाख सहयोग गर्ने निर्णय गरेको छ । सङ्घका अनुसार विपद्मा परेका नागरिकलाई थोरै भए पनि राहत पुगोस् भन्ने उद्देश्यले सहयोग गर्ने निर्णय गरिएको हो ।

यता राहतमा नागरिकको सहभागिता बढाउन जनकपुरधाममा पनि सहजीकरण अभियान सञ्चालन गरिएको छ । राष्ट्रिय स्वतन्त्र पार्टीका स्थानीय नेता तथा कार्यकर्ताको सक्रियतामा जनकचोकमा राहत सङ्कलन तथा सहजीकरण क्याम्प सञ्चालन गरिएको हो ।

पार्टीका मधेस प्रदेश समिति नेता अम्बुप्रसाद साहका अनुसार सहयोग गर्न इच्छुक नागरिकलाई प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा रकम पठाउन सहज होस् भन्ने उद्देश्यले क्याम्प सञ्चालन गरिएको हो ।

"प्रविधिमा पहुँच भएका नागरिकले घरमै बसेर मोबाइलको क्युआरमार्फत सिधै कोषमा रकम पठाउन सक्छन्", उहाँले भन्नुभयो, "तर प्रविधिको प्रयोग गर्न नजान्ने कतिपय नागरिक पनि सहयोग गर्न चाहन्छन् । उनीहरूलाई सहजीकरण गर्न क्याम्प सञ्चालन गरेका हौं ।"

क्याम्पमार्फत इच्छुक व्यक्तिले आफ्नो क्षमताअनुसार रकम क्युआर कोडबाट प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा पठाउनसक्ने व्यवस्था मिलाइएको उहाँले जानकारी दिनुभयो ।

आर्थिक सहयोगसँगै मधेसका विभिन्न जिल्लामा युवाले खाद्यान्नलगायत राहत सामग्री सङ्कलन गरिरहेका छन् । सप्तरीको राजविराज नगरपालिका, बोदेबर्साइन नगरपालिका, खडक नगरपालिकालगायत स्थानमा युवा, व्यापारी, समाजसेवी तथा निजी क्षेत्रको सक्रियतामा राहत सङ्कलन भइरहेको सप्तरी युथ नेपालका मो अनवर अलीले बताउनुभयो ।

सङ्कलित राहत सामग्री बाढी प्रभावित जिल्लामा पठाउने तयारी भइरहेको उहाँले जानकारी दिनुभयो । पहाडमा आएको बाढीको पीडामा तराई-मधेसका जिल्लाबाट उठेका यी सहयोगका हातले विपद् कुनै भूगोल, जात वा समुदायको सीमामा बाँधिदैन भन्ने सन्देशसमेत दिएको छ । सरकार, स्थानीय तह, राजनीतिक दल, व्यवसायी, युवा र सर्वसाधारणको सामूहिक पहलले भोटेकोशी बाढी प्रभावितलाई राहतसँगै कठिन समयमा आफूहरू एक्लो नभएको अनुभूति गराउने अपेक्षा गरिएको नागरिक समाजका अगुवा सरोज कर्णको भनाइ छ ।

# डिएनए परीक्षणबाट पहिचानको आशमा आफन्त

नारायणगढ (चितवन), १८ भदौ (रासस) । रसुवाको भोटेकोशी नदीमा आएको भीषण बाढीपछि सम्पर्कविहीन भएका आफ्ना सन्तान र आफन्तको खोजतलासमा रहेका परिवार अहिले डिएनए परीक्षणमार्फत भए पनि पहिचान हुने आशमा छन् ।

चितवनको भरतपुर महानगरपालिका-१० स्थित चितवन उद्योग सङ्घको परिसरमा मङ्गलबारदेखि बाढीमा हराइरहेका व्यक्तिका आफन्तहरूको डिएनए नमुना (रगत) सङ्कलन भइरहेको छ ।

जिल्ला प्रहरी कार्यालय चितवन, बागमती प्रदेश जनस्वास्थ्य प्रयोगशाला भक्तपुर (सेवा इकाइ चितवन) र जनस्वास्थ्य कार्यालय चितवनको संयुक्त आयोजनामा हराएका आफन्तबाट रगतको नमुना सङ्कलन भइरहेको छ ।

बारा कलैयाका भगवान शर्मा भोटेकोशीको बाढीपछि छोरा हराएपछि सम्भावित स्थानमा खोजी गर्दै भौंतारिनुभयो । छोराको कुनै पत्तो नपाएपछि डिएनए परीक्षण गराएमा पहिचान हुनसक्छ भन्ने थाहा पाएर उहाँ नागरिकताको फोटोकपी र आफ्नो फोटोसहित चितवन आइपुग्नुभएको छ । डिएनए नमुना दिए पनि उहाँको मन अझै ढुक्क हुन सकेको छैन । यदि शव नै रहेछ भने पनि पहिचान त होला भनेर उहाँले डिएनए नमुना त दिनुभयो, तर उहाँको मनमा अझै पनि छोरा जीवितै भेटिने आश बाँकी नै छ ।

त्यस्तै, बर्दियाका रामबहादुर थारू पनि हराइरहेका छोराको खोजीमा ११ गतेदेखि नै चितवनमा हुनुहुन्छ । आफ्ना छोरासहित १६ जना साथीहरू बाढीमा हराएको बताउने थारूले धेरै शव हेरे पनि छोरालाई भेट्टाउन सक्नुभएन । "सासको आश मरे पनि लास भए पनि भेटिन्छ कि भनेर डिएनए 'म्याचिङ'का लागि रगत दिएको हुँ ।" उहाँले आफ्नो पीडा पोख्नुभयो । थारूलाई अझै पनि छोराहरू हराएकै स्थानमा पुगेर खोज्ने इच्छा छ । छोराले काम गर्ने कम्पनी काठमाडौंमा रहेको र कम्पनीसँग सल्लाह गरेर त्यहाँ जाने तयारीमा रहेको उहाँले बताउनुभयो । कम्पनीले पनि खोजीमा सहयोग गरिरहेको जनाउँदै उहाँले कम्पनीले घटनास्थलसम्म जाने व्यवस्था मिलाइदिए हुन्थ्यो भन्ने आश व्यक्त गर्नुभयो ।

जनस्वास्थ्य कार्यालय चितवनका प्रमुख निर्मल घिमिरेका अनुसार बाढी प्रभावित क्षेत्रबाट उद्धार गरिएका पहिचान नभएका शवबाट डिएनए नमुना निकालिएको छ । उहाँले यहाँ आफन्तबाट सङ्कलन गरिएको नमुना र शवको डिएनए मिलान गराउनका लागि रगत सङ्कलन भइरहेको जानकारी दिनुभयो । यहाँ सङ्कलित नमुना परीक्षणका लागि विधि विज्ञान प्रयोगशालामा पठाइने उहाँले बताउनुभयो ।

नेपाल प्रहरी विधि विज्ञान प्रयोगशालाका प्रहरी निरीक्षक सन्देशकुमार पोखरेलले हराइरहेका व्यक्तिको पहिचानका लागि शवबाट मुख्य रूपमा दाँत र हड्डीका नमुना सङ्कलन गरिएको र त्यसको नमुनाबाट डिएनए प्रोफाइल तयार गरी आफन्तको डिएनएसँग सफ्टवेयरमार्फत म्याचिङ गराइने बताउनुभयो ।

उहाँले भन्नुभयो, "पहिलो प्राथमिकतामा बुबाआमा वा छोराछोरी (पहिलो तहका आफन्त) को डिएनए नमुना आवश्यक पर्छ । यदि पहिलो तहका आफन्त उपलब्ध नभए दाजुभाइ वा दिदीबहिनीको नमुना प्रयोग गरेर पनि परीक्षण

*बाँकी अन्तिम पृष्ठमा*

## विश्व समाचार

### हर्मुज तनावले व्यापारमा जोखिम

तेहरान, १८ भदौ (रासस/एएफपी) ।

इरान र संयुक्त राज्य अमेरिकाबीच पुनः सैन्य तनाव चर्किएपछि मध्यपूर्वमा युद्ध थप विस्तार हुने र हर्मुज जलघाँटीमार्फत हुने विश्वव्यापी तेल तथा व्यापारिक आपूर्तिमा गम्भीर असर पर्ने जोखिम बढेको छ । अमेरिकाले इरानी लक्ष्यमा ठूलो आक्रमण गरेको जनाएको छ भने इरानले युद्ध, कूटनीति र आर्थिक नाकाबन्दीको सामना गर्न 'नयाँ रणनीति' अपनाउने चेतावनी दिएको छ ।

राष्ट्रपति डोनाल्ड ट्रम्पले बुधबार अमेरिकी सेनाले रातभर इरानी लक्ष्यमा 'धेरै भारी आक्रमण' गरेको र आवश्यक परे जुनसुकै बेला पुनः आक्रमण गर्न तयार रहेको बताउनुभयो । उहाँले हर्मुज जलघाँटीको नाम परिवर्तन गरी 'ट्रम्प स्ट्रेट' राख्नुपर्ने सुझावसमेत दिनुभयो । उक्त जलमार्ग अहिले अमेरिकी नियन्त्रणमा रहेको उहाँको दाबी भए पनि पछि आफ्नो भनाइ गम्भीर नभएको सङ्केत गर्नुभएको थियो ।

इरानको सर्वोच्च राष्ट्रिय सुरक्षा परिषद्का सचिव मोहसेन रेजाईले अमेरिका-इजरायलको आक्रमणपछि इरानले नयाँ रणनीति अपनाएको बताउनुभएको छ । उहाँले युद्धभूमि, कूटनीति र आर्थिक नाकाबन्दीको सामना गर्दै अमेरिकी आधारलाई ध्वस्त पार्ने चेतावनी दिनुभयो ।

यसैबीच, अमेरिकी ऊर्जामन्त्री क्रिस राइटले इरानका आर्थिक साझेदारलाई लक्षित गरी प्रतिबन्ध विस्तार गर्ने योजना रहेको र त्यसबाट अधिकतम आर्थिक दबाव सिर्जना गरिने बताउनुभएको छ ।

मङ्गलबार इरानमा अमेरिकी बमबारी भएपछि इरानले जोर्डन, संयुक्त अरब इमिरेट्स, कुवेत, बहराइन तथा इराकको स्वायत्त कुर्दिस्तान क्षेत्रमा रहेका अमेरिकी सैन्य आधारलाई निशाना बनाएको छ ।

इरानी रेड क्रिसेन्टका अनुसार दक्षिणी इरानको सिरिकमा विवाह समारोह भइरहेको स्थानमा भएको अमेरिकी आक्रमणमा एक बालकसहित चार जनाको मृत्यु भएको छ भने ५० जनाभन्दा बढी घाइते भएका छन् । इरानी विदेश मन्त्रालयका प्रवक्ता इस्माइल बाकाईले घटनालाई युद्ध अपराधको संज्ञा दिँदै आक्रोश व्यक्त गर्नुभयो । अमेरिकी सेनाले घटनाबारे प्रत्यक्ष प्रतिक्रिया नदिए पनि सेन्ट्रल कमान्डका प्रवक्ता टिम हकिन्सले अमेरिकी सेनाले नागरिकलाई कहिल्यै निशाना नबनाउने बताउनुभयो ।

पछिल्लो चरणको लडाइँ आइतबार अमेरिकी सेनाले इरानी लक्ष्यमा आक्रमण गरेपछि सुरु भएको हो । त्यसपछि इरानले क्षेत्रका अमेरिकी सैन्य संरचनालाई निशाना बनाएको छ । इरानी आक्रमणका क्रममा दुई तेल ट्याङ्करमा समेत प्रहार भएको र तीमध्ये एउटामा दुई फिलिपिनो नाविकको मृत्यु भएको साउदी ढुवानी कम्पनीले जनाएको छ ।

राष्ट्रपति ट्रम्पले हर्मुजमा समुद्री खानी राख्ने इरानी प्रयास र जोर्डनस्थित अमेरिकी आधारमा भएको क्षेप्यास्त्र आक्रमणको जवाफमा अमेरिकी कारबाही गरिएको बताउनुभयो । हर्मुज जलघाँटीबाट यसअघि विश्वको कुल तेल आपूर्तिको करिब पाँचौं भाग ओसारपसार हुने गरेकाले लामो अवरोधले विश्व ऊर्जा बजार र व्यापारमा थप दबाव पार्ने चिन्ता बढेको छ ।

इरान र अमेरिका-इजरायलबीचको युद्ध फेब्रुअरी २८ मा अमेरिका र इजरायलले इरानमाथि गरेको आक्रमणपछि सुरु भएको थियो । उक्त आक्रमणमा इरानका सर्वोच्च नेता आयातोल्लाह अली खामेनीको मृत्यु भएको थियो । हर्मुजमा व्यापारिक जहाजमाथि भएका आक्रमणपछि नाजुक युद्धविराम भङ्ग भएको थियो ।

यसैबीच, इजरायलका रक्षामन्त्री इजरायल काट्जले इरानले सेप्टेम्बरको मध्यदेखि सुरु हुने यहूदीहरूको उच्च धार्मिक पर्वका समयमा आक्रमण गरे इजरायलले 'ठूलो बलका साथ' जवाफ दिने चेतावनी दिनुभएको छ ।

पछिल्लो सैन्य टकरावले युद्धको दायरा विस्तार हुनुका साथै हर्मुज जलघाँटीमा व्यापारिक जहाजको आवागमन, विश्व तेल आपूर्ति र अन्तर्राष्ट्रिय बजारमा थप अस्थिरता निम्त्याउने चिन्ता बढाएको छ ।

### मदुरोद्वारा मुद्दा खारेज गर्न माग

न्युयोर्क, १८ भदौ (रासस/एपी)छ ।

भेनेजुएलाका पूर्वराष्ट्रपति निकोलस मदुरो र उहाँकी पत्नी सिलिया फ्लोरेसले आफूमाथि लागेको लागुऔषध तस्करीसम्बन्धी अभियोग सार्वभौम प्रतिरक्षाका आधारमा खारेज गर्न अमेरिकी अदालतसमक्ष माग गर्नुभएको छ ।

म्यानहट्टनस्थित सङ्घीय अदालतमा बुधबार दायर निवेदनमा मदुरोका वकिलहरूले आरोप लगाइएको समयमा आफ्नै देशले राष्ट्रप्रमुखका रूपमा मान्यता दिएको विदेशी नेताविरुद्ध अमेरिकी अदालतमा आपराधिक मुद्दा चलाउन नमिल्ने तर्क गरेका छन् । उहाँहरूले राष्ट्रप्रमुखलाई विदेशी राष्ट्रिय अदालतको आपराधिक कारबाहीबाट उन्मुक्ति प्राप्त हुने अन्तर्राष्ट्रिय कानुनी परम्परा रहेको जिकिर गरेका छन् ।

फ्लोरेसका वकिलहरूले पनि उहाँलाई सार्वभौम उन्मुक्ति प्राप्त हुने र यस्तो उन्मुक्ति भेनेजुएलाले मात्र त्याग्न सक्ने बताएका छन् । मदुरोका वकिलहरूले भने राष्ट्रप्रमुखका रूपमा प्राप्त उन्मुक्ति लागू नभए पनि पदमा रहँदा गरिएको कार्यका आधारमा प्राप्त हुने प्रतिरक्षा उहाँलाई लागू हुने दाबी गरेका छन् । मदुरोले आफूमाथिका आरोप अस्वीकार गर्नुभएको छ ।

मदुरो र फ्लोरेसले आफूहरू दोषी नभएको बताउँदै आउनुभएको छ । अमेरिकी अभियोजकहरूले भने मदुरोले भेनेजुएलाका लागुऔषध तस्करलाई सहयोग गर्दै हजारौं टन कोकेन अमेरिका पठाउने षड्यन्त्र गरेको आरोप लगाएका छन् । अभियोग प्रमाणित भएमा उहाँहरूलाई आजीवन कारावाससम्मको सजाय हुन सक्नेछ ।

अमेरिकी सेनाले जनवरीको सुरुआतमा काराकासस्थित निवासबाट मदुरो र फ्लोरेसलाई नियन्त्रणमा लिएर न्युयोर्क ल्याएको थियो । हाल दुवै ब्रुकलिनस्थित कारागारमा हुनुहुन्छ । ट्रम्प प्रशासनले उक्त कारबाहीलाई कानून कार्यान्वयनको अभियान भनेको छ भने मदुरोले आफ्नो गिरफ्तारीलाई अपहरण भन्दै आफूलाई युद्धबन्दीका रूपमा प्रस्तुत गर्नुभएको छ ।

न्यायाधीश एल्विन के. हेलरस्टेनले अभियोग खारेज गर्ने मागमाथि नोभेम्बर १७ मा मौखिक बहसको मिति तोक्नुभएको छ । मुद्दाको सुनुवाइ आगामी जुन १ मा हुने तय भएको छ ।

# विभिन्न स्थानबाट १७७ शव सङ्कलन

त्रिशूली (नुवाकोट), १८ भदौ (रासस)।

भोटेकोशी हुँदै त्रिशूली नदीमा आएको बाढीमा परेर ज्यान गुमाएका व्यक्तिको शव व्यवस्थापनअन्तर्गत नुवाकोटमा शव सङ्कलनको प्रारम्भिक चरण सकिएको छ।

जिल्ला प्रहरी कार्यालयका प्रमुख (प्रहरी उपरीक्षक) विपिन रेग्मीका अनुसार जमिनको सतहमा रहेका शवको खोजतलास एवं सङ्कलनअन्तर्गत हालसम्म १७७ जनाको शव फेला पारिएको छ। तीमध्ये १६ जनाको पहिचान भएकाले सम्बन्धित परिवारलाई बुझाएको र बाँकी शव परीक्षणका लागि शिक्षण अस्पताल महाराजगञ्ज पठाइएको छ।

"नेपाली सेनाको हेलिकप्टरसहित नेपाल प्रहरीले ड्रोन क्यामेरा, तालिम प्राप्त कुकुरसहित जिल्लाको विभिन्न ३० स्थानलाई आधार इलाका बनाई शव खोजतलासअन्तर्गत जमिनको सतहमा रहेका शव सङ्कलनको पहिलो चरणको काम पूरा गरेको छ", प्रहरी प्रमुख रेग्मीले भन्नुभयो, "जमिनको सतह, घरभित्र देखिने अवस्थाका शव सङ्कलन गरिएकाले कहीँकतै देखेमा प्रहरीलाई खबर गर्न अनुरोध गरिएको छ।"

प्रहरीले अब उत्खनन र खानतलासीमार्फत शव सङ्कलन सुरु गरेको जनाएको छ। संयुक्त सुरक्षा फौजमार्फत भइरहेको शव व्यवस्थापनमा नेपाल प्रहरीलाई जमिनको सतहमा सशस्त्र प्रहरी बल र सङ्कलन भएको शव हवाई उडानमार्फत ल्याउन हेलिकप्टर प्रयोगमा नेपाली सेनाले सहयोग पुऱ्याउँदै आएको छ।

शव सङ्कलनअन्तर्गत सोमबार बेत्रावतीस्थित बच्चु अवस्थीको घर परिसरमा एकैस्थानमा २१ जनाको शव बरामद भएको थियो। उक्त स्थानमा सार्वजनिक सवारीसाधन रोकेर सुरक्षित स्थान भन्ने ठानेर आश्रय लिएका व्यक्ति भएको जनाइएको छ। उक्त ५ स्थानबाट सङ्कलन भएको अधिकांश शवको बेत्रावतीमा पहिचान नभएसँगै परीक्षणका लागि काठमाडौँ पठाइएको छ।

बाढीले प्रभावित बनाएको बेत्रावतीसहित सोलेबजार, तुप्चे, त्रिशूली बजार, ढुङ्गे र देवीघाटमा घर तथा सडकमा भरिएका ग्रेगर र लेदो हटाई प्रहरीले खानतलासीमार्फत पुरिएका स्थानमा शव खोजतलास सुरु गरेको हो।

यसअघि विभिन्न ३० स्थानमा परिचालन भएको शव सङ्कलन टोली अब मुख्य प्रभावित क्षेत्रको बस्तीमा केन्द्रित भएको छ।

## *खाना पकाउने ...*

प्रमुख कार्यकारी अधिकृत झाले भन्नुभयो, "उपभोक्तालाई कुपन वितरण गर्दा नै ग्यास प्राप्त गर्ने दिन सुनिश्चित गर्दछौँ।"

**छ महिनालाई पुग्ने आयोडिनयुक्त नुन 'स्टक'**

सरकारको आयोडिनयुक्त नुनको सर्वसुलभ पहुँच आमनागरिकसम्म पुऱ्याउने नीति र यसलाई अक्षरशः कार्यान्वयन गर्ने कर्पोरेशनले छ महिनालाई पुग्नेगरी नुनको मौज्दात राखेको छ।

यही भदौ १७ गते बुधबार कर्पोरेशनका भण्डारणमा एक लाख २७ हजार ३६१ मेट्रिकटन नुन 'स्टक' रहेको सहायक प्रमुख कार्यकारी अधिकृत झाले जानकारी दिनुभयो। उहाँका अनुसार देशभर वार्षिक दुई लाख टनभन्दा बढी आयोडिनयुक्त नुनको माग हुँदै आएको छ। कर्पोरशनले गत आवमा करिब दुई लाख १० हजार टन नुन बिक्री वितरण गरेको थियो।

'आयोडिन' शरीरलाई दैनिक रुपमा नभई नहुने अतिसुक्ष्म पोषक तत्व हो। सरकारले दुई बालबालिका चिन्ह भएको नुन 'थोरै खाऔँ, सही मात्रामा खाऔँ' भन्दै आग्रह गरिरहेको छ।

उपभोक्तावादीहरुले नुन अत्यावश्यक वस्तु भएकाले सरकारको नीतिभित्रै राख्नुपर्ने र यसको बिक्रीवितरणमा निजी क्षेत्रलाई प्रवेश गराउनै नहुने आवाज उठान गर्दै आएका छन्।

सहायक प्रमुख कार्यकारी अधिकृत झाले भन्नुभयो, "सरकारी निजी स्वामित्वको कर्पोरेशनको उनीहरुको तर्क छ "विषम अवस्थामा निजी क्षेत्रले नुनको सहज आपूर्ति मिलाउन सक्दैन। विपद्लगायत अन्य असहज अवस्थामा सार्वजनिक संस्थाले कस्तो भूमिका निर्वाह गर्नुपर्छ भनेर कर्पोरेशनले आफूलाई अब्बल सस्थाका रुपमा प्रमाणित गरेको छ।"

**चिनीमा बजार हस्तक्षेप**

अर्कोतर्फ कर्पोरशनले पछिल्ला दिनमा अन्तरराष्ट्रिय बजारमा निरन्तर उकालो लागिरहेको चिनीको बिक्रीवितरणलाई चुस्त बनाउँदै बजार हस्तक्षेप गरेको छ।

निजी क्षेत्रबाट प्रतिकिलो रु १३५ सम्म बिक्री भइराखेको चिनी कर्पोरेशनले रु १०५ मा बिक्रीवितरण गरिराखेको छ। कर्पोरेशनले दिएको जानकारीअनुसार यही भदौ ९ मा मात्र संस्थाले ६०० टन चिनी भित्र्याएको थियो। संस्थाले सरकारको नीतिअनुसार चिनी बिक्री गर्दै आएको छ। पछिल्ला दिनमा कर्पोरेशनले तीन हजार टन बजारमा पठाइसकेको छ।

दैनिक बजारमा उपभोग्यवस्तु चामल, दाल, गेडागुडी, तेललगायत वस्तुको मूल्य निरन्तर उकालो लागिरहेको छ तर कर्पोरशनले आफूले बिक्रीवितरण गर्दै आएको खाद्यन्नमा मूल्य स्थिर राख्न सफल भएको जनाएको छ।

ध्येय दैनिक अत्यावश्यक उपभोग्यवस्तु नुनलगायत अन्य खाद्यन्न वस्तुलाई असहजस्थितिमा पनि निरन्तर सेवा पुऱ्याउनु हो। नाफामा मात्र होइन।" विपद्का अवस्थामा सार्वजानिक संस्थाको भूमिका र अपरिहार्यता अझ बढ्ने देखिन्छ।

## *डिएनए परीक्षणबाट ...*

गर्न सकिन्छ।"

नेपाल प्रहरीले पहिचान नभएका र बेवारिसे अवस्थामा रहेका शवलाई आफन्तजनको जिम्मा लगाउन स्वदेश तथा विदेशमा रहेका मृतकका परिवारलाई डिएनए नमुना उपलब्ध गराउन आग्रह गरेको छ।

स्वदेशमा रहेका परिवारका लागिः चितवन बाहिर रहेका आफन्तले आफ्नो पायकपर्ने जिल्ला प्रहरी कार्यालय वा नेपाल प्रहरी अस्पताल (महाराजगञ्ज, काठमाडौँ) को प्याथोलोजी ल्याबमा दुईप्रति पासपोर्ट साइजको फोटोसहित सम्पर्क गरी ताजा रगतको नमुना दिन सक्नेछन्।

विदेशमा रहेका आफन्तका लागिः विदेशमा रहेका पहिलो तहका नातेदारले सम्बन्धित देशस्थित नेपाली दूतावास, कूटनीतिक नियोग वा बसोबास गरिरहेकै देशमा डिएनए प्रोफाइल तयार गरी सोको 'सफ्ट कपी' नेपाल प्रहरीको आधिकारिक इमेल (dnacodis@nepalpolice.gov.np मा पठाउन सक्नेछन्।


## राजविराज नगरपालिका

### ८ नं. वडा कार्यालय

राजविराज, सप्तरी

मधेश प्रदेश, नेपाल

पत्र संख्या: २०८३/०८४

चलानी नम्बर: १०६

मिति: २०८३/०५/११

सुचना। सुचना। । सुचना।

विषय -सुचना सम्बन्धमा

उपरोक्त सम्बन्धमा जिल्ला सप्तरी राजविराज नगरपालिका वडा५ परिवर्तित वडा नं ८ बस्ने स्व.भक्त बहादुर वोहोरा को नाति कृष्ण बहादुर वोहोरा को छोरा हरी बहादुर वोहोरा क्षेत्री र युवराज कुमार वोहोराले यस वडा कार्यालयमा उपस्थित भई निवेदन दर्ता हामि दुइ जना दाजु भाइ रहेको मृतक आमा को नाउमा कायम रहेका जग्गा हामि सबैभन्दा नजिकको दुई दाजु भाई हक आपुताली खाने अन्सियार भएको हुदाँ जग्गा संयुक्त नामसारी गरी पाउ भन्नी निवेदन रहेको मा स्व.बुवा कृष्ण बहादुर वोहोरा को मिति २०६०/०९/२८गते र आमा लक्ष्मी देवी वोहोरा क्षेत्री को मृत्यु मिति २०७८/०९/०४आफ्नो कालगती ले मृत्यु भएको निज मृतक को दुइ जना छोराहरु सबैभन्दा नजिक को हक आपुताली खान रहेका जग्गा संयुक्त निवेदकर्ता को नाउमा संयुक्त नामसारी को लागि माग दावी रहेको हुदाँ यो सुचना प्रकाशित भएको मितिले १५ दिन भित्र हक अंश लाग्ने अन्सियार लागत हक पुग्ने व्यक्ति ले आ-आफ्नो सबुत प्रमाण लिई म्याद भित्र उजुरी गर्न आउनु होला अन्यथा यो सुचना म्याद समाप्त भई [illegible] पछि कोहि कसै को कुनै उजुरी लाग्ने छैन भन्नी स्थानीय सरकार संचालन ऐन मालपोत को नाम मा सिफारिस भई कानुन बमोजिम हुने व्यहोरा अनुरोध छ।

तपसिल

| जिल्ला | गा.वि.स/न.पा | वडा नं | कि.नं. | क्षे.फ |
|---|---|---|---|---|
| सर्लाही | हरिवन | ७क | २०२४ | ०-०-५ |


# उद्धार, राहत र पुनःस्थापनालाई प्रभावकारी बनाउन आयोगको आग्रह

काठमाडौँ, १८ भदौ (रासस)।

राष्ट्रिय मानव अधिकार आयोगले भोटेकोशी र त्रिशूली नदीमा गएको भीषण बाढीबाट प्रभावित क्षेत्रमा उद्धार, राहत, उपचार तथा पुनःस्थापनाका कार्यलाई थप प्रभावकारी बनाउन तीनै तहका सरकारलाई आग्रह गरेको छ।

आयोगका सहसचिव एवं प्रवक्ता डा टीकाराम पोखरेलद्वारा जारी विज्ञप्तिमा विपद्पछिको उद्धार, राहत तथा पुनःस्थापनाका कार्य मानव अधिकारमैत्री ढङ्गले सञ्चालन गर्नुपर्नेमा जोड दिइएको छ।

रसुवा, नुवाकोट, धादिङ, चितवनलगायतका प्रभावित जिल्लामा अनुगमन टोली परिचालन गरी उद्धार कार्य, घाइतेको उपचार तथा होल्डिङ सेन्टरमा रहेका प्रभावितको मानव अधिकारको अवस्थाबारे प्रारम्भिक अनुगमन गरिएको जनाइएको छ।

आयोगले बाढीमा परी निधन भएकाप्रति श्रद्धाञ्जली व्यक्त गर्दै शोकसन्तप्त परिवारप्रति समवेदना तथा घाइतेको शीघ्र स्वास्थ्यलाभको कामना गरेको छ।

यसैगरी, उद्धारमा खटिएका सुरक्षाकर्मी, स्वास्थ्यकर्मी, राष्ट्रसेवक कर्मचारी, मनोसामाजिक परामर्शकर्ता, राष्ट्रिय तथा अन्तरराष्ट्रिय सङ्घसंस्था र मानवीय सहयोगमा जुटेका सर्वसाधारणप्रति धन्यवाद व्यक्त गरेको छ।

बाढी प्रभावित क्षेत्रमा हुने उद्धार, राहत, उपचार र पुनःस्थापनाका कार्यमा निजी क्षेत्रसँगसमेत सहकार्य र समन्वय गर्न आयोगले तीनै तहका सरकारलाई आग्रह गरेको छ।

विपद्को यस असहज परिस्थितिमा उद्धार, राहत, पुनःस्थापना तथा पुनःनिर्माणसँग सम्बन्धित गतिविधिमा सरकारलाई सहयोग गर्न, मानवीय सहायताका कार्यमा सक्रिय हुन तथा प्रभावित परिवारको पीडामाथि सामाजिक सञ्जालमा नकारात्मक टीकाटिप्पणी नगर्न आयोगले सर्वसाधारणलाई आग्रह गरेको छ। साथै अफवाह फैलाउने खालका सूचना तथा समाचारबाट टाढा रहन पनि आयोगले अनुरोध गरेको छ।

# बाढी प्रभावितलाई मानसिक स्वास्थ्यमा ध्यान दिन सुझाव

काठमाडौँ, १८ भदौ (रासस)।

रसुवा बाढीपछि प्रभावित क्षेत्रका नागरिकको जनस्वास्थ्यमा गम्भीर सङ्कट आउनसक्ने हुँदा समयमै सावधानी अपनाउन चिकित्सकले सल्लाह दिनुभएको छ।

ग्राण्डी अन्तरराष्ट्रिय अस्पतालका कन्सल्टेन्ट फिजिसियन डा अमित गौली बाढी प्रभावित क्षेत्रमा विभिन्न रोग फैलिनसक्ने भएकाले विशेष सावधानी अपनाउनुपर्ने बताउनुहुन्छ।

बाढीपछि विशेषगरी दूषित पानी र अस्वस्थ खानपानका कारण झाडापखालाजस्ता पेटसम्बन्धी रोग र श्वासप्रश्वासको समस्या बढ्ने सम्भावना भएकाले विशेष ख्याल दिनुपर्ने चिकित्सकको भनाइ छ। डा गौलीका अनुसार बाढीका क्रममा लागेका घाउचोटमा सङ्क्रमणको जोखिम हुने भएकाले समयमै उपचारको व्यवस्था मिलाउन आवश्यक छ।

विपद्को समयमा मधुमेह, उच्च रक्तचाप, दम र क्यान्सरजस्ता दीर्घरोग भएका बिरामीका लागि अझ चुनौतीपूर्ण हुने चिकित्सको भनाइ छ।

डा गौली भन्नुहुन्छ, "त्यस अवस्थामा औषधि खाइरहेका बिरामीले नियमितता कायम गर्न नसक्दा र नयाँ सङ्क्रमण थपिँदा जोखिम बढ्ने भएकाले विशेष सावधानी अपनाउन आवश्यक रहेको छ।"

चिकित्सकका अनुसार बाढी प्रभावितको मानसिक अवस्थालाई विशेष ख्यालगरी स्वास्थ्योपचारमा प्राथमिकता राख्नुपर्ने छ। घरबारविहीन र मानसिक तनावमा रहेका बासिन्दाका लागि मनोपरामर्शदाताको परिचालन गरी आत्मविश्वास बढाउन जरुरी रहेको उहाँहरुको भनाइ छ।

ज्वरो वा सामान्य समस्या देखिनेबित्तिकै जथाभावी एन्टिबायोटिक प्रयोग पनि नगर्न तथा बरु जीवनजल, सिटामोल, स्लाइन र ड्रेसिङका सामग्रीको उचित व्यवस्थापन गरी स्वास्थ्यकर्मीको सल्लाहमा मात्र औषधि सेवन गर्न विशेषज्ञ चिकित्सको सुझाव छ।

उहाँहरुले बाढी प्रभावित क्षेत्रमा तत्काल आधारभूत स्वास्थ्य सेवाको पहुँच पुऱ्याउन सङ्घीय, प्रदेश र स्थानीय सरकारबीच प्रभावकारी समन्वय गर्न ध्यानाकर्षण गराउनुभएको छ। यसैबीच, भोटेकोशी बाढीबाट रसुवा, नुवाकोट र धादिङमा ठूलो जनधनको क्षति भएको छ।

प्रहरी प्रधान कार्यालयले दिएको जानकारीअनुसार त्यस विपद्मा परी ज्याउन गुमाएकामध्ये हालसम्म एक हजार २०० भन्दाबढीको शव फेला परेको छ।

प्रहरीका अनुसार, रसुवामा ११५, नुवाकोटमा १५५, धादिङमा ६०, गोरखामा ६९, नवलपरासीपूर्वमा २१७, नवलपरासी पश्चिममा २०२, तनहुँमा ३८ र चितवनमा ३४८ जनाको शव फेला परेको छ।

राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणका अनुसार, ५०० विदेशी नागरिकसहित चार हजार २१६ जना अझै सम्पर्कविहीन छन्। बाढीपछि करिब १२ हजार उद्धार गरिएको छ। उद्धार गरिएका बासिन्दालाई अहिले रसुवा, नुवाकोट, धादिङ र काठमाडौँका विभिन्न स्थानमा 'होल्डिङ सेन्टर'मा राखिएको छ।

प्रभावित क्षेत्रमा नेपाली सेना, नेपाल प्रहरी र सशस्त्र प्रहरी बल नेपालका गरी २१ हजार ३१४ सुरक्षाकर्मी परिचालन गरिएको छ। सुरक्षाकर्मीले बाढीमा परी हराइरहेका व्यक्तिको नदी किनार, जलविद्युत् आयोजना, बाढी प्रभावित बस्ती, सडक तथा पहिरो प्रभावित क्षेत्रमा खोजी गरिरहेका छन्। बाढीका कारण कतिपय स्थानमा सडक तथा भौतिक संरचना क्षति भएकाले उद्धार तथा खोजी चुनौतीपूर्ण भइरहेको छ।

# भोटेकोशी र त्रिशूलीमा बाढीको जोखिम

काठमाडौँ, १८ भदौ (रासस)।

भोटेकोशी र त्रिशूलीमा बिहीबार पनि आकस्मिक बाढीको जोखिम रहेको छ। जलविज्ञान तथा जलस्रोत अनुसन्धान केन्द्रलेअन्तर्गत बाढी पूर्वानुमान महाशाखाका बाढीविद् सरस्वती विष्टले भोटेकोशीको माथिल्लो तटीय क्षेत्रमा वर्षा भइरहेको र अझै वर्षाको सम्भावना रहेकाले रसुवा र नुवाकोट हुँदै बहने भोटेकोशी, त्रिशूली नदी तथा आसपासका स-साना नदीमा जलसतह उल्लेख्य बढ्ने सम्भावना जानकारी दिनुभयो। "ती नदीमा आकस्मिक बाढी (फ्ल्यास फ्लड) को उच्च सम्भावना रहेकाले नदी तथा खोला आसपासका बासिन्दालाई सतर्क रहन आग्रह गरिएको छ", उहाँले भन्नुभयो।

यसैगरी, ताप्लेजुङ, पाँचथर, तेह्रथुम, सङ्खुवासभा, धनकुटा, भोजपुर, सोलुखुम्बु, ओखलढुङ्गा, खोटाङ, उदयपुर, दोलखा, रामेछाप, सिन्धुली, सिन्धुपाल्चोक, काभ्रेपलाञ्चोक, ललितपुर, भक्तपुर, काठमाडौँ, धादिङ, मकवानपुर, चितवन, गोरखा, तनहुँ, लमजुङ, मनाङ, मुस्ताङ, म्याग्दी, कास्की, स्याङ्जा, पर्वत, डोल्पामा आसपासका स-साना नदीमा पनि बहाव उल्लेख्य बढ्ने तथा आकस्मिक बाढीको मध्यम जोखिम रहेको महाशाखाले जनाएको छ।

महाशाखाका अनुसार रुकुमपूर्व, रुकुमपश्चिम, सल्यान, जाजरकोट, सुर्खेत, दैलेख, कालीकोट, मुगु, हुम्ला, जुम्ला, अछाम, बझाङ, बाजुरा, डडेल्धुरा, बैतडी, दार्चुला र कञ्चनपुर जिल्ला आसपासका स-साना नदीमा पनि बहाव उल्लेख्य बढ्ने तथा आकस्मिक बाढीको मध्यम जोखिम रहेको महाशाखाले जनाएको छ।

## *भोटेकोशी बाढीमा ...*

विजयकुमार यादव, सुरेश पजियार, जनकपुरधाम उपमहानगरपालिका-४ का रीतिक झा, विक्रम ठाकुर, जनकपुरधाम उपमहानगरपालिका-११ का सुशान्त यादव, सिरहाको गोलबजार नगरपालिका-१० का टार्जन बलम्पाकी, लहान नगरपालिका-४ का उमेश यादव र कञ्चनरुप नगरपालिका-८ का अजय मरिक पनि टेलिफोनमार्फत सम्पर्कमा आएको प्रहरीले जनाएको छ।

हालसम्म सप्तरीका ४८ जना, पर्साका ३८ जना, रौतहटका १३ जना, बाराका २३ जना, सर्लाहीका १८ जना, महोत्तरीका १० जना, धनुषाका सात जना तथा सिरहाका १२ जना अझै सम्पर्कविहीन रहेको विवरण प्राप्त भएको प्रवक्ता ढकालले बताए।

मधेस प्रदेशका जिल्लाबाट थुप्रै नागरिक सम्पर्कविहीन भएको सूचनाहरु आउने थालेपछि प्रहरी कार्यालयले सम्पर्कविहीन भएकाहरुको विवरण सङ्कलन गर्न थालेको छ। बाढी तथा पहिरोपछि परिवार तथा आफन्तको सम्पर्कमा नरहेको भन्दै खोजीका लागि विवरण सङ्कलन गर्न थालिएको उनले बताए।

**प्रकाशक/सहसम्पादक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **लेआउट** : संजय शंखर
**मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, **फोन** : ०३१-५३०७६८ (कार्यालय), **इमेल** : *rajbirajdainik@gmail.com*, **वेवसाइट** : *rajbirajdainik.com.np*